नेपाल सरकार

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

सिंहदरबार, काठमाडौं

☎ ४२६२८६२

प.स.
च.नं.

मितिः २०८३/०१/२२
ने.सः ११४६

## सूचना

### स्वास्थ्य विज्ञान प्रतिष्ठान, स्वास्थ्य संस्था तथा अस्पतालहरूको दैनिक कार्यलाई निरन्तरता दिने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश जारी भएको व्यहोरा विदितै छ ।

सो सम्बन्धमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मातहतका विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठान, स्वास्थ्य संस्था तथा अस्पतालहरुको व्यवस्था बमोजिम बहाल रहेका पदाधिकारीहरू पद मुक्त भएको सन्दर्भमा ती संस्थाहरूबाट प्रवाह हुने स्वास्थ्य उपचार सेवा, दैनिक प्रशासनिक कार्य तथा प्राज्ञिक/शैक्षिक गतिविधिमा कुनै अवरोध आउन नदिन पदमुक्त नभएका अन्य पदाधिकारीहरू एवं सो निकायका सम्बन्धित विभागीय प्रमुखहरुले उक्त कार्य दैनिक रुपमा सञ्चालन गर्न/गराउनु हुन यो सूचना जारी गरिएको छ। यस सम्बन्धमा कुनै द्विविधा भएमा तत्काल मन्त्रालयमा सम्पर्क राख्न अनुरोध छ। अस्पतालहरुमा हुने उपचार सेवा र शैक्षिक कार्यक्रममा कुनै पनि नकारात्मक प्रभाव पर्न नदिन सम्बन्धित सबैले जिम्मेवारीपूर्वक कार्य गर्न यसै सूचना मार्फत अनुरोध छ ।

सम्पर्कः

नीति, योजना तथा अनुगमन महाशाखाः ppmd.mohp@gmail.com
नुजन शर्मा, अस्पताल नर्सिङ्ग प्रशासकः nujansharmajha@gmail.com
फोन नम्बरः ९८४१३८३५४८

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय